# प्रदेश राजपत्र


लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, साउन ०१ गते, २०७९ साल (अतिरिक्ताङ्क ०७


## भाग ३

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।०३।३१ मा स्वीकृत भएको "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ को अनुसूची १ र २ मा हेरफेर" सम्बन्धी सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ को अनुसूची १ र २ मा हेरफेर**

१. अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखिएको छः

**अनुसूची १**

**प्रदेशमा रहने मन्त्रालयहरू**

| **क्र.सं.** | **मन्त्रालयको नाम** |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | अर्थ तथा सहकारी मन्त्रालय |
| ३. | आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ५. | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| ६. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| ७. | पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ९. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १०. | वन तथा वातावरण मन्त्रालय |
| ११. | शिक्षा तथा खेलकुद मन्त्रालय |
| १२. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| १३. | स्वास्थ्य मन्त्रालय |

२. अनुसूची २ को सट्टा देहायको अनुसूची २ राखिएको छः

## अनुसूची २

### प्रदेशमा रहने मन्त्रालयहरूको कार्य जिम्मेवारी

| १.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
|---|---|
| **क.सं.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको प्रमाणीकरण, कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत नियम र आदेशको प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी, निर्देशन र समन्वय |
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य |

| | |
|---|---|
| | संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५. | अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा, सुविधा सम्बन्धी |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८. | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २०. | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २१. | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २२. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| २३. | प्रदेश राजधानी व्यवस्थापन |
| २४. | प्रदेश योजना आयोग |
| २५. | प्रदेश पूर्वाधार विकास प्राधिकरण |
| २६. | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| २७. | अदालतको फैसला कार्यान्वयन |

| | |
|---|---|
| २८. | स्थानीय तहको पदाधिकारीको सेवा सुविधा, स्थानीय सेवा तथा कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी कानून तर्जुमा |
| २९. | प्रदेशको अधिकार क्षेत्र भित्र परी अन्य कुनै मन्त्रालयको कार्यविवरणमा नपरेको विषय |

**२. अर्थ तथा सहकारी मन्त्रालय**

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३. | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५. | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर |
| ६. | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७. | राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |

| | |
|---|---|
| ८. | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १०. | संघीय नीति अनुरुप सह-वित्तीयकरण |
| ११. | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र<br>नियमन |
| १२. | प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३. | प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन |
| १४. | प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी |
| १५. | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६. | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७. | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १८. | संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण |

| | |
|---|---|
| १९. | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २०. | संघीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१. | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| २२. | बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३. | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २४. | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |
| २५. | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| २६. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| २७. | सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| २८. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| २९. | गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |

| ३. आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय | |
|---|---|
| **क्र.सं.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघीय सरकारसँगको समन्वय र सहकार्य |
| २. | अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३. | संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| ४. | प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन |
| ५. | प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ६. | कानून तथा प्रदेश सभा मामिला सम्बन्धी |
| ७. | प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी |
| ८. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ९. | नागरिक अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्ध्दनमा सहयोग |
| १०. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |

| | |
|---|---|
| ११. | सामुदायिक प्रहरी सम्बन्धी |
| १२. | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| १३. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| १४. | प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय |
| १५. | गुनासो र विवाद व्यवस्थापन |
| १६. | संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन |
| १७. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| १८. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| १९. | निवारक नजरबन्द र स्थान हद सम्बन्धी |
| २०. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| २१. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपूत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार), सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २२. | विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्सांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २३. | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| २४. | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन |
| २५. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा |

| | |
|---|---|
| | विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी |
| २६. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| २७. | सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| २८. | प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| २९. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ३०. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ३१. | प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन |
| ३२. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन |
| ३३. | साइबर सुरक्षा |
| ३४. | छापा संचारमाध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ३५. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ३६. | प्रदेश राजपत्रको सम्पादन, प्रकाशन, वितरण र अभिलेख |
| ३७. | श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| ३८. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ३९. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |

| | |
|---|---|
| ४०. | चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शनको अनुमति र नियमन |
| ४१. | प्रदेश सरकारका लागि आवश्यक सवारी साधनको व्यवस्थापन |
| ४२. | सूचना प्रविधि प्रतिष्ठान |
| ४३. | सुचनाको हक सम्बन्धी प्रादेशिक नीति ,कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |

| **४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** | |
|---|---|
| **क्र.सं.** | **कार्य जिम्मेवारी** |
| १. | व्यापार/ वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ३. | ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून,मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, |

| | |
|---|---|
| | अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८. | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून,मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| १५. | संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६. | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |

| | |
|---|---|
| १७. | उपभोक्ता अदालत गठन र सञ्चालन |
| १८. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| १९. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति,कानून,मापदण्ड, कार्यान्वयन र नियमन |
| २०. | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति,कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २१. | दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २२. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| २३. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २४. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| २६. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २७. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता |

| ५. ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | |
|---|---|
| **क.स.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन |
| २. | प्रदेशस्तरमा ऊर्जा, विद्युत, तथा सिंचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३. | ऊर्जा, विद्युत्, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण र नियमन |
| ४. | राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन |
| ५. | प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७. | प्रदेशस्तरमा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| ८. | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |

| | |
|---|---|
| ९. | जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |

| **६. कृषि तथा भूमि व्यवस्था मन्त्रालय** | |
|---|---|
| **क्र.स.** | **कार्य जिम्मेवारी** |
| १. | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | कृषि तथा पशुपंछीजन्य रोग, किरा एवं महामारी नियन्त्रण |
| ३. | कृषि औद्योगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन |
| ४. | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५. | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवम् विकास |
| ६. | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन |
| ७. | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८. | कृषि तथा पशुपंछी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान |

| | |
|---|---|
| | एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र विस्तार |
| ९. | कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन तथा रैथाने बाली वस्तुको संरक्षण र प्रवर्द्धन |
| १०. | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण |
| ११. | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३. | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, नवीकरण, खारेजी र नियमन |
| १५. | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भूउपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १९. | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २०. | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१. | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन |
| २३. | भूमिहिन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २४. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २६. | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति,कानून तथा मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय |

| **७. पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय** | |
|---|---|
| **क्र.स.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून तथा मापदण्ड र योजना तर्जुमा, |

| | |
|---|---|
| | कार्यान्वयन र नियमन |
| २. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन |
| ३. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन तथा प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| ४. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| ५. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |
| ६. | बस्ती स्थानान्तरण सम्बन्धी नीति, कानून तथा मापदण्ड , योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ७. | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन |
| ८. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | सर्वसाधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| १०. | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ११. | प्रादेशिक पर्यटन विकास सम्बन्धी पूर्वाधारको विकास र निर्माण |
| १२. | प्रादेशिक पर्यटन विकासको नीति, कानून तथा मापदण्ड र योजना |

| | |
|---|---|
| | निर्माण |
| १३. | प्रदेशमा पर्यटन प्रवर्द्धन |
| १४. | पर्यटन प्रहरी व्यवस्थापन |
| १५. | संघीय कानुन बमोजिम क्यासिनो तथा चिट्टा दर्ता, अनुमति र नियमन |
| १६. | संघीय कानुन बमोजिम पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी,गाईड, न्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |

| **८. भौतिक पूर्वाधार विकास मन्त्रालय** | |
|---|---|
| **क्र.स.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| २. | प्रदेश लोकमार्गको स्तरोन्नति र मर्मत सम्भार तथा सडक सुरक्षा प्रविधिको उपयोग र विकास |
| ३. | प्रदेश लोकमार्ग सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन र अनुसन्धान |
| ४. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| ५. | प्रदेशमा निर्माण व्यवसाय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| ६. | प्रदेश निर्माण सामग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी |

| | |
|---|---|
| | नीति, कानून तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |

| **९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** | |
|---|---|
| **क्र.स.** | **कार्य जिम्मेवारी** |
| १. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| ३. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ४. | लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण |
| ५. | बाल-बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| ६. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त,बाल-बालिकाका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ७. | समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ८. | संघीय कानून बमोजिम विश्व सम्पदा सूचीमा परेका स्मारक र |

| | |
|---|---|
| | पुरातात्विक महत्वका स्थल सम्बन्धी |
| ९. | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १०. | ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ११. | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर संरक्षण ,सम्भार तथा पुनर्निर्माण सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं अध्ययन, अनुसन्धान तथा उत्खनन |
| १२. | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |
| १३. | प्रदेश स्तरमा संग्रहालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवम् प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| १४. | संस्कृतिको विकास सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन |

| **१०. वन तथा वातावरण मन्त्रालय** | |
|---|---|
| **क्र.स.** | **कार्य जिम्मेवारी** |

| | |
|---|---|
| १. | प्रदेशस्तरमा वन र वनक्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| ३. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ४. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| ५. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ६. | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन |
| ७. | वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| ८. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग |
| ९. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन |
| १०. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड |
| ११. | प्रदेशस्तरमा जलाधार संरक्षण नीति, प्रविधि विकास, व्यवस्थापन र कार्यान्वयन |
| १२. | प्रदेशभित्र भूस्खलन नियन्त्रण |
| १३. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि |

| | |
|---|---|
| | विकास र व्यवस्थापन |
| १४. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून तथा मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १५. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना |
| १६. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| १७. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १८. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |
| १९. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |
| २०. | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |
| २१. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन |
| २२. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| २३. | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन |
| २४. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| २५. | .प्रदेशमा पर्यापर्यटनको विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन |
| २६. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण |

| | |
|---|---|
| | व्यवस्थापन |
| २७. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन |
| २८. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २९. | प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ३०. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |

| **११. शिक्षा तथा खेलकूद मन्त्रालय** | |
|---|---|
| **क्र.सं.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३. | प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति,कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण |

| | |
|---|---|
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग |
| १०. | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास एवम् नवप्रवर्तनात्मक वैज्ञानिक कार्य र युवा वैज्ञानिक जनशक्ति प्रोत्साहन |
| ११. | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १२. | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| १४. | खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन |
| १५. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |

| १२.श्रम तथा यातायात व्यवस्था मन्त्रालय | |
|---|---|
| **क्र.सं.** | **कार्य जिम्मेवारी** |
| १. | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| २. | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून ,मापदण्ड र नियमन |
| ३. | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ४. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ५. | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |
| ६. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| ७. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| ८. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| ९. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| १०. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |

| १३. स्वास्थ्य मन्त्रालय | |
|---|---|
| **क्र.सं.** | **कार्य जिम्मेवारी** |
| १. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ३. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| ४. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| ५. | राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको सञ्चालन अनुमति र नियमन |
| ६. | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको सञ्चालन, अनुमति र नियमन |
| ७. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |

| | |
|---|---|
| ८. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |
| ९. | औषधि निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण |
| १०. | खोप र परिवार नियोजन |
| ११. | संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| १२. | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| १३. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन |
| १४. | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| १५. | स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपत्कालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| १६. | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| १७. | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| १८. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड |

| | |
|---|---|
| | निर्धारण,कार्यान्वयन र नियमन |
| १९. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २०. | जनसंख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय |

**आज्ञाले,**

**राजेन्द्र थापा**

**कानून सचिव**

**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय